जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १०९ ❑ २०८३ वैशाख ०५ गते शनिबार ❑ Saturday, 18 April 2026 ❑ मूल्य ७ /-



**वायु प्रदुषण र हिमनदी माथिको संकट**

डा. सुवाश अधिकारी

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## सार्वजनिक ऋण २९ खर्व माथि

**दमक/** सार्वजनिक ऋण २९ खर्ब नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ तेस्रो त्रैमासिक अवधि (साउन-चैत) सम्म सरकारले तिर्न बाँकी ऋण २९ खर्ब ३३ अर्ब ७९ करोड ४६ लाख पुगेको हो ।

यसमा आन्तरिक ऋण हिस्सा १३ खर्ब ८८ अर्ब ११ करोड र वाह्य ऋण १५ खर्ब ४५ अर्ब ६७ करोड रूपैयाँ बराबर छ । पछिल्लो ९ महिनामै सरकारले ३ खर्ब ४८ अर्ब १५ करोड बराबर ऋण लिएको छ । विनिमय दरमा आएको उतारचढावले नेपाली मूल्य कमजोर हुँदा वाह्य ऋणमा १ खर्ब १५ अर्ब ७५ करोड रूपैयाँ बराबरको भार थपिएको छ । यसले समग्रमा नेपालको सार्वजनिक ऋणलाई उच्च गतिमा बढाएको देखिन्छ । चालु आव सुरू हुनुअघि अर्थात् असार मसान्तमा २६ बाँकी ४ पेजमा ▸▸

## झापाका क्रसर उद्योग अवैध

**दमक/** झापाका धेरै क्रसर उद्योग अवैध झापामा सञ्चालित क्रसर उद्योग अवैध तथा मापदण्ड विपरित सञ्चालन भएको कुरा अनुगमन टोलीले सार्वजनिक गरेको छ । जिल्ला समन्वय समिति झपााको अगुवाईमा हालै दमक क्षेत्रको अनुगमन पछि समितिले जानकारी गराइएको हो । यस प्रकारको कमजोरी नयाँ भने होइन । वर्षमा २ पटक अनुगमन गर्ने प्रमुख जिल्ला अधिकारी लगायत अन्य सुरक्षा निकायका प्रमुखहरू सहभागी समिति अनभिज्ञ छैन । तर कसैलाई कारबाही गर्न नसक्नुको रहस्य भने बाहिर आएको छैन ।

झापामा घरेलु कार्यालयको तथ्यांक अनुसार १२ वटा क्रसर उद्योग दर्ता रहेको बाँकी ४ पेजमा ▸▸

## विदामा पनि सरकारी काम

**फिदिम/** जिल्ला प्रशासन कार्यालय पाँचथरले सार्वजनिक बिदाका दिनमा पनि अत्यावश्यक सेवा निरन्तर सञ्चालन गर्ने जनाएको छ ।

कार्यालयले बिहीबार सार्वजनिक सूचना जारी गर्दै नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा तोकिएका सार्वजनिक बिदाका दिनमा पनि सञ्चालन हुने स्पष्ट पारेको हो । नेपाल सरकारको निर्णयअनुसार विभिन्न पर्व, दिवस तथा जयन्तीका अवसरमा पर्ने सार्वजनिक बिदाका दिनमा समेत सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले उक्त व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले जानकारी दिए । उनका अनुसार नागरिकलाई सेवा प्रवाहमा कुनै अवरोध नहोस् भन्ने उद्देश्यले कार्यालयले विशेष व्यवस्था मिलाएको छ ।

### संघीय सरकारको कार्यक्रमले एकरुपता पाएन

# स्थानीय सरकारको अनुकलमा शैक्षिक कार्यक्रम शुरू

पूर्वसन्देश समाचार

**दमक/** संघीय सरकारले बैशाख २१ गते देखि मात्र पठन पाठन शुरू गर्न भने पनि विभिन्न स्थानीय तहहरूले नयाँ वर्षको शैक्षिक कार्यक्रम शुरू गरेका छन् ।

संघीय सरकारको शिक्षा मन्त्रालयले वैशाख १५ देखि १ हप्ता भर्ना अभियान सञ्चालन गर्ने र २१ गते देखि पठन पाठन शुरू गर्ने भनि परिपत्र गरेको थियो । तर विभिन्न स्थानीय तहले सो निर्णयले शैक्षिक शत्रनै प्रभावित हुने भन्दै भर्ना अभियान शुरू गरेका हुन् ।

यसै क्रममा धनकुटाको पाख्रीबास नगरपालिकाले संघीय सरकारले तोकेको समयतालिकाभन्दा अघि बढ्दै विद्यालय भर्ना अभियान सुरू गरेको छ । स्थानीय अवस्था र शैक्षिक कार्यतालिकालाई ध्यानमा राख्दै नगरपालिकाले आˆनै छुट्टै समयतालिका लागू गरेको जनाएको छ । बुधबार बसेको नगर शिक्षा समितिको बैठकले वैशाख ४ गतेदेखि भर्ना अभियान सञ्चालन गर्ने र वैशाख १५ गतेबाट नियमित पठनपाठन सुरू गर्ने निर्णय गरेको हो । निर्णयअनुसार नगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई तत्काल भर्ना प्रक्रिया अगाडि बढाउन निर्देशन दिइएको छ ।

नगरपालिकाका प्रमुख ज्ञानबहादुर गुरूङका अनुसार संघीय सरकारले तोकेको समयअनुसार भर्ना र कक्षा सञ्चालन गर्दा वार्षिक पाठ्यभार पूरा गर्न कठिन हुने देखिएको छ । विशेषगरी शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा हुने व्यवस्थाका कारण शैक्षिक कार्यदिन घट्ने भएकाले संघीय तालिका कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ ।

यस अघि ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाले सातामा एक दिन शनिबार मात्र सार्वजनिक बिदा दिने निर्णय गरि सकेको छ । गाउँपालिकाका अध्यक्ष दिपेन्द्र पोमू (दिपेन) का अनुसार गाउँपालिकामा शनिबार मात्र सार्वजनिक बिदा हुने छ भने आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा कार्यालय सञ्चालन हुने छ । अध्यक्ष पोमूले सरकारी कार्यालयहरु प्रायः बिदाका कारण सेवाग्राहीले समस्या भोग्नुपरेको भन्दै त्यसलाई न्यूनीकरण गर्न यस्तो निर्णय गरिएको जनाएका छन् अनुसार कार्यालय समय बिहान १० बाँकी ४ पेजमा ▸▸

## स्थानीय तहलाई संघको सर्कुलर

**दमक/** नगरपालिका संघ र गाउँपालिका महासंघले आफू अनुकूल विद्यार्थी भर्ना, पठनपाठनलगायत शैक्षिक गतिविधि अघि बढाउन शुक्रबार स्थानीय तहलाई सर्कुलर गरेका छन् । शिक्षा मन्त्रालयले वैशाख १५ देखि विद्यार्थी भर्ना अभियान सुरू गर्न र वैशाख २१ देखि पठनपाठन सुरू गर्न दिएको निर्देशनविपरीत नगरपालिका, गाउँपालिकाका प्रमुख (मेयर/अध्यक्ष) लाई सम्बोधन गरिएको सर्कुलरमा संविधानअनुसार विद्यालय शिक्षाको अधिकार स्थानीय तहको भएकाले त्यसैअनुसार शैक्षिक क्रियाकलाप अघि बढाउन सुझाव दिइएको छ । सर्कुलरमा भनिएको छ, 'विद्यालय शिक्षा सञ्चालनसम्बन्धी स्थानीय सरकारको जिम्मेवारीअनुसार निर्माण भएका स्थानीय कानुन, स्थानीय परिवेश, आवश्यकता तथा अभिभावकसँगको परामर्शका आधारमा भर्ना प्रक्रिया सुरु गरी पठनपाठन सुचारू गर्न सबै गाउँ/नगरपालिकाहरूलाई अनुरोध गरिन्छ, विद्यालय बाँकी ४ पेजमा ▸▸

# प्रयोगविहीन होल्डिङ सेन्टर जीर्ण



**विराटनगर/** कोरोना महामारीको समयमा करोडौ खर्च गरि बिराटनगरमा बनाईएको होल्डिङ् सेन्टर जिर्ण बन्दै गएको छ। भारतबाट आउने संक्रमित तथा शङ्कास्पद व्यक्तिहरूलाई राख्न सरकारले करोडौं रुपियाँ खर्चेर विराटनगरमा निर्माण गरेको होल्डिङ सेन्टर अहिले प्रयोगमै नआई जीर्ण बन्दै गएको हो। विराटनगर-१६ रानीस्थित विराटनगर जुटमिलको पाँच बिघा जग्गामा २८ करोड ९१ लाख रुपियाँ खर्चेर निर्माण गरिएको यो संरचना अहिले संरक्षण र उपयोगको पर्खाइमा जीर्ण अवस्थामा पुगेको हो।

नेपाली सेनामार्फत २०७८ सालमै निर्माण सम्पन्न गरिएको यस सेन्टरमा २२ वटा ठूला आवास हलसहित ५९ वटा भवन संरचनाहरू छन्। ती संरचनामा संक्रमितका लागि बेड, १५ वटा किचन हाउस तथा २२ वटा शौचालय र बाथरुम निर्माण गरिएका थिए। तर, निर्माण सम्पन्न भएको तीन वर्षसम्म पनि सेन्टर सञ्चालनमा आउन सकेन।

लामो समयसम्म प्रयोगविहीन हुँदा प्रिफ्याब प्रविधिबाट बनाइएका भवनहरू घाम र पानीका कारण मक्किन थालेका छन्। भवनका टिनका पाता उप्किएका छन् भने प्रिफ्याबका भित्ताहरूमा प्वाल पर्न थालेका छन्। त्यहाँ खटिएका सुरक्षाकर्मीका अनुसार सरसफाइ गर्न जाँदा पनि सामग्रीहरू टुटफुट हुने अवस्था छ।

होल्डिङ सेन्टरको सुरक्षाका लागि अहिले नेपाली सेनाको एउटा प्लाटुन खटिएको छ। तर मानवीय गतिविधि नहुँदा र उपयोगविहीन हुँदा धाराका टुटीदेखि पानीका ट्याङ्कीसमेत बिग्रिएका छन्। विगतमा कोशी प्रदेश सरकारले यस स्थानमा अस्पताल सञ्चालन गर्ने योजना बनाएको भए पनि उक्त योजना अघि बढ्न सकेन, जसका कारण विशाल संरचना उपयोगविहीन बनेको हो।

विपदका समयमा मात्र प्रयोग गर्ने उद्देश्यले बनाइएका यस्ता अस्थायी संरचनाहरूलाई अन्य समयमा कसरी उपयोग गर्ने भन्ने स्पष्ट नीतिको अभाव देखिएको छ। विज्ञहरूले यसलाई शिक्षा, तालिम केन्द्र वा अन्य अस्थायी प्रयोजनका लागि प्रयोग गर्न सुझाव दिए पनि सरकारले ठोस निर्णय गर्न सकेको छैन।

यदि आगामी दिनमा कुनै विपद आइलागेर

पुन: सञ्चालन गर्नुपर्ने अवस्था आएमा मर्मतका लागि मात्र पनि थप ठुलो रकम खर्च गर्नुपर्ने स्थिति बाँकी ४ पेजमा ▸▸

# संसदीय समितिले पाए नेतृत्व

**दमक/** संघीय संसद् अन्तर्गतका संसदीय समितिहरूले नेतृत्व पाएका छन् । शुक्रबार १२ वटा संसदीय समितिले सभापति चयन गरेसँगै पूर्णता पाएको हो । शुक्रबार भएको निर्वाचनबाट १० वटा समितिमा सर्वसम्मत सभापति चयन भए । दुई वटामा भने निर्वाचन भयो । राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकाल सर्वसम्मत निर्वाचन भए । कानुन न्याय तथा मानवअधिकार समिति सभापतिमा रास्वपाकी सांसद समीक्षा बास्कोटा सर्वसम्मत निर्वाचित भएकी छन् ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति सभापतिमा रास्वपाका अशोककुमार चौधरी, पूर्वाधार विकास समिति सभापतिमा रास्वपाका आशिष गजुरेल, महिला तथा सामाजिक मामिला समिति सभापतिमा रास्वपाकी आकृति अवस्थी सर्वसम्मत निर्वाचित भए । संसदीय सुनुवाइ समिति सभापतिमा रास्वपाका बोधनारायण श्रेष्ठ, उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रास्वपाकै रहबर अन्सारी, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति सभापतिमा रास्वपाका सुम्निमा उदास र अर्थ समिति सभापतिमा कृष्णहरि बुढाथोकी पनि सर्वसम्मत निर्वाचित भए ।

यसबाहेक सार्वजनिक लेखा समिति सभापतिमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका भरत खड्का पनि सर्वसम्मत निर्वाचित भए । रास्वपाको समर्थन पाएका खड्काले पाएपछि यो समिति सभापतिमा एकल उम्मेदवारी परेको थियो ।

बाँकी दुई वटा समिति सभापतिका लागि भने एकभन्दा बढी उम्मेदवारी परेको थियो । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन सभापतिमा दुई जनाको उम्मेदवारी परेको थियो । रास्वपाका तर्फबाट गणेश कार्की र नेपाली कम्युनिस्ट पार्टीको तर्फबाट मदन कुमारी शाह (गरिमा) को उम्मेदवारी दिएका हुन् । रास्वपाको स्पष्ट बहुमत भएकाले कार्की निर्वाचित भए ।

# जेनजी आन्दोलनका ७ शव पहिचान हुन सकेन

**काठमाडौं/** गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा मृत भेटिएका मध्ये ७ शवको पहिचान अझै खुल्न सकेको छैन । जेनजी आन्दोलनको क्रममा काठमाडौंमा मात्रै ४९ जनाको मृत्यु भएको थियो । ती मध्ये ७ वटा शवको अझै पहिचान हुन नसकेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए ।

ती सात जलेको अवस्थामा कंकालको रुपमा मात्रै रहेकाले पहिचान हुन सकेको छैन । जेनजी आन्दोलनमा तोडफोड, आगजनी र हत्यालगायतका घटनामा संलग्न भएको आरोपमा जिल्ला प्रहरी परिसर काठमाडौंले ३५० जनालाई पक्राउ गरेको छ । जसमा २३ गतेको घटनामा संलग्न भएको आरोपमा तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीदेखि तत्कालीन गृहमन्त्री रमेश लेखकको विवरण समेत उल्लेख छ ।

उनीहरुसहित ३५० जनालाई पक्राउ गरिएको काठमाडौं प्रहरीले बताएको छ । जसमा आपराधिक उपद्रवमा सबैभन्दा बढी २०४ जना पक्राउ परेका छन् । हातहियारको कसुरमा ५१ जना पक्राउ परेका छन् । चोरीको कसुरमा १७, आपराधिक उपद्रव र चोरीमा २९, कर्तव्य ज्यानको कसुरमा १८, अभद्रमा २३, ज्यान मार्ने उद्योगमा ४, डाँका चोरीमा २ जना पक्राउ परेका छन् । जसमध्ये ११६ जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । ११ जना भने धरौटीमा रिहा भएका छन् । ११९ जना हाजिरी जमानीमा छुटेका छन् । ३ जनालाई मुद्दा नचल्ने निर्णय भएको छ । १ जनाको मुद्दा फैसला भएको छ भने ७ जना साधारण तारेखमा छुटेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भ्टराईले बताए ।

## बजार क्षेत्रमा सीसी क्यामरा

*ताप्लेजुङ/ ताप्लेजुङको सिरिघा गाउँपालिकाका मुख्य चौक तथा बजार क्षेत्रमा क्लोज सर्किट टेलिभिजन (सीसी टिभी) जडान गरिएको छ। अपराधजन्य घटनासहितका गतिविधि नियन्त्रण गर्ने उद्देश्यले गाउँपालिकाले पालिकाभित्रका मुख्य बजार क्षेत्र सीसी टिभी जडान गरेको हो।*

*गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर आङदेम्बेका अनुसार चोरी, डकैतीसहितका* बाँकी ४ पेजमा ▸▸

**कर्मचारी आवश्यकता**

यस **मोडल बचत तथा ऋण सहकारी संस्था**, दमक ६, झापालाई कार्यलय व्यवस्थापक पदका लागि कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**

- पद: **व्यवस्थापक** ✦ संख्या : १ जना
- शैक्षिक योग्यता :मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा अर्थशास्त्र विषयमा स्नातक गरेको हुनुपर्ने छ ।
- सेवा /सुविधाहरु: संस्थाको नियमअनुसार हुनेछ ।
- अन्य अनुभव: स्थानीय,कम्तिमा वित्तीय क्षेत्रमा तिन बर्ष अनुभव भएको,मोटरसाइकल /स्कुटरको लाइसेन्स भएको हुनुपर्ने छ ।
- आवश्यक कागजात: हस्तलिखित निवेदन,नेपाली नागरिकताको प्रतिलिपि, दुई प्रति पीपी साइजको फोटो,शैक्षिक योग्यताको प्रमाणपत्र को प्रतिलिपि,अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।
- आवेदन दिने अन्तिम मिति : २०८३।०१।१५ गते कार्यलय समयभित्र

**मोडल बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६,जेसीज चोक (झापा) फोन: ०२३-५७५९८८/९८०११५०३४०

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

## बोलपत्र स्वीकृत हुने आशयको सूचना

(प्रकाशित मिति २०८३/१/५)

दमक नगरपालिकाको आ.ब. २०८२/८३ मा तपशिलको आय ठेक्का संकलन गर्ने सम्वन्धी बोलपत्र प्रकृया अन्तर्गत पेश हुन आएको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का बिवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | स्वीकृत रकम |
|---|---|---|
| ठे.नं. DMK/JHAPA/RVR/DK-RTWA/51/82/83 रतुवा खोलाको रतुवा खोलाबाट नदिजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको शुल्क संकलन | श्री सदाबहार बिल्डर्स एण्ड सप्लायर्स, कमल ५ | रु.७५,५४,४२१/६४ (मु.अ.कर समेत) |

संस्मरण

# यात्रा– डायरी



डा. तुलसी भट्टराई

सन् १९६९ मइ १४ देखि जुन १३ २०२६ जेठ १– ३२ सम्म एक महिना सिक्किमको जोरथाङ, सोरेङ क्षेत्रमा बस्ने घुम्ने मौका पाएको थिएँ । पं. रूद्रमणि वासिष्ठको सौजन्यमा उक्त अवसर मिलेको थियो ।

अर्को पटकको सिक्किम यात्रा– २०५८ भदौ २-८ को गान्तोक यात्रापछि यात्रा संस्मरण लेख्ने जमर्को गरेर केही सामग्री जुटाएँ । अनि पुराना सामग्री खोज्ने क्रममा सिक्किम यात्रासम्बन्धी एउटा डायरी फेला पारैं ।

२०२५ यता नियमित रूपमा डायरी लेख्तै आएको हुँदा यस डायरी टिपोटले पैंतालीस वर्षअघिको स्मृति लेखबद्ध गर्न सघाउ पुऱ्यायो ।

२०२६ असार ५-६ गते लेखिएको त्यही डायरी टिपोटका आधारमा यो सानो आलेख तयार पारेको छु ।

**रूद्रमणिसँग भेट**

सन् १९६७ सेप्टेम्बर ...... । एक दिन दिउँसो बनारसको दूध विनायकमा एकजना तीस जति उमेरका व्यक्तिसँग भेट भयो । त्यतिबेला दूध विनायक क्षेत्र नेपालीहरूको बसोबास केन्द्र थियो । नेपाली धर्मशाला र नेपालीहरूद्वारा संचालित संस्कृत महाविद्यालय समेत यस ठाउँमा छन् । त्यसबेला एउटा नेपाली पुस्तकालय पनि थियो । नेपाली विद्यार्थीहरू त्यहाँ बिहान बेलुका भेटिन्थे ।

धोती कुर्तासँगै काँधमा गम्छा राखेका ती व्यक्ति को रहेछन् भनेर जान्ने विशेष चासो भयो । उनीसँग परिचय मागैं । परिचयक्रममा थाहा भयो– उनी सिक्किमको सोरेङ इलाका छेउको टिम्बुरबुङ गाउँका रूद्रमणि वासिष्ठ (भट्टर ई) रहेछन् । छोटेलालको चिया दोकानमा बसेर चिया खाँदै हामीबीच परस्पर कुराकानी भए ।

पच्चीस वर्षको उमेरमा गोठ र खेतीपातीबाट उम्केर बल्ल पढ्न थालेको । संस्कृत कर्मकाण्डसँगै पुराण विषयको परीक्षा दिने लक्ष्य रहेको छ । राम्रो पढ्ने पढाउने ठाउँ र बस्ने व्यवस्थासमेत भए हुनेथियो । बनारस आइपुगेको तीन महिना जति भयो, तर राम्रो संगतिलो बसाइ पाइएको छैन ।

ती व्यक्तिप्रति विशेष आकर्षित भएर उनलाई अर्को दिन म बसेको ठाउँमा आउन भन्दै बिदा भएँ । भोलिपल्ट उनी आइपुगे । म त्यतिबेला विश्वेश्वरगंजको गुरूनानक आश्रममा बस्तथैं । त्यही संस्कृत महाविद्यालय पनि संचालित थियो ।

कुराकानीपछि त्यहाँका महन्तलाई उनका बारेमा जानकारी दिएपछि उनले पढ्ने र बस्ने ठाउँ खोजेको कुरा सुनाएँ । महन्तले बस्न स्वीकृति दिए । अनि गुरूनानक महाविद्यालयका व्यवस्थापक पं. ज्वालाप्रसादसँग समेत स्वीकृति लिएर श्री वासिष्ठको बस्ने र पढ्ने व्यवस्था मिलाइएको थियो ।

त्यसपछि करीब ६ वर्ष हामी सँगसँगै बस्यौं । उमेरमा उनी करीब एकदशक जेठा भए पनि ढिलो पढाइ सुरू गरेका कारण मेरा विद्यार्थी पनि हुन पुगेका थिए वासिष्ठ । अनि थर गोत्र समेत एउटै भएका कारण मेरा जेठा दाजुका रूपमा उनी स्थापित भएका थिए । मलाई आफ्नै माहिँलो भाइ जस्तै स्नेह सद्भाव प्रकट गर्थे । उनीसँगको यो आत्मीयता आज पनि यथावत् छ । तर हामीबीच भेटघाट भने धेरै पातलो छ ।

**सप्ताह कथा पारायण**

दाइ रूद्रमणिलाई जोरथाङका आरजे बाबु अर्थात् रामजीवन प्रसाद सिंहले पण्डित बनाउन पढ्ने व्यवस्था मिलाइदिएका रहेछन् । त्यतिबेलाका ब्राह्मण पुत्रहरू सबै अंग्रेजीतिर लागे । संस्कृत पढ्ने र कर्मकाण्ड पण्डित्याइँ गर्ने मानिस छैनन् भनेर पण्डित बनाउन आफैँले पाँच वर्षका लागि छात्रवृत्ति व्यवस्था गरि दिएका रहेछन्– आर जे बाबुले । यसरी छात्रवृत्ति पाएर उनी बनारसमा पढ्न गएका थिए । पढ्न त्यति नआउने भए पनि धेरै परिश्रम गरेर रूद्रमणिले मध्यमा उत्तीर्ण गरे । बाद्यवादनमा हार्मोनियम र ढुकीतबला सिकेका थिए । शास्त्रीय गायन गर्दथे । विभिन्न कथा पुराणको वचन अभ्यास गर्दथे । क्रमशः

# वायु प्रदुषण र हिमनदी माथिको संकट



डा. सुवाश अधिकारी

नेपालमा सुक्खायाममा खुला जैविक दहन, वन डढेलो, औद्योगिक गतिविधि र सवारी साधनको धुवाँले वायुमण्डलीय प्रदूषण चुलिँदै गएको छ । यसको फलस्वरूप श्वासप्रश्वा ससम्बन्धी रोगहरु बढेका छन् । यो समस्या केवल नेपालको मात्र नभई सम्पूर्ण दक्षिण एसियाकै गम्भीर संकट हो ।

इन्डो-गंगेटिक मैदान (गङ्गा र इन्दुज नदी वरपरको समथर भूभाग, जुन पाकिस्तान, भारत, नेपाल र बङ्गलादेशसम्म फैलिएको छ) बाट उत्सर्जित प्रदूषकले 'तेस्रो ध्रुव' (हिमालय-तिब्बती पठार) प्रदूषित बनाइरहेको छ । तेस्रो ध्रुव एन्टार्कटिक र आर्कटिकपछि पृथ्वीको सबैभन्दा ठूलो हिमनदी क्षेत्र हो । यो विश्वकै सबैभन्दा ठूलो उच्च पहाडी पारिस्थितिक प्रणाली हो, जुन तिब्बती पठारसहित विभिन्न हिमाली शृङ्खलामा फैलिएको छ र पचास लाख वर्ग किलोमिटरमा विस्तारित छ । यसले करिब १ लाख वर्ग किलोमिटर हिमनदी र १२ हजारभन्दा बढी तालहरू समेट्छ । यी नदी प्रणालीहरू अरबौं मानिसको पानीको स्रोत हुन्, जसलाई 'वाटर टावर अफ एसिया' पनि भनिन्छ । नेपालको खुम्बु, अन्नपूर्ण, माछापुच्छ्रे, लाङटाङ लगायतका हिमाल तथा हिमनदीहरू तेस्रो ध्रुवको अत्यन्त महत्वपूर्ण अंश हुन् ।

यस क्षेत्रको वैज्ञानिक अध्ययन अनुसार नाइट्रोजन युक्त एरोसोल, भारी धातु, पारो, माइक्रोप्लास्टिक र कालो कार्बनको मात्रा तीव्र रूपमा बढ्दै छ । दक्षिण एसियाली देशहरूबाट आउने वायु प्रदूषणले तेस्रो ध्रुवमा गम्भीर असर पुर्याइरहेको छ । यसरी, यो नेपालको स्थानीय समस्या मात्र नभई समग्र दक्षिण एसिया र तेस्रो ध्रुवकै दीर्घकालीन संकट हो ।

सुख्खा याममा प्रदूषकको सान्द्रता मनसुनको तुलनामा १.५-५ गुणा बढी हुन्छ । यसको मूल कारण दक्षिण एसियाको 'वायुमण्डलीय खैरो बादल' (धुलो, औद्योगिक गतिविधि, सवारी साधन, जैविक दहन, र वन डढेलो बाट निस्किने धुवाँको मिश्रण) हो, जसले तापक्रम बढाउँछ । यो बादल इन्डो-गंगेटिक मैदानमा विकसित हुन्छ । मनसुनले वर्षासँगै खैरो बादलमा मिसिएको प्रदूषक हिमनदीमा निक्षेपित गर्छ । जलवायु परिवर्तनले मनसुनको ढाँचा अनियमित बन्दै गएको छ, जसले निक्षेपण प्रणाली अप्रत्याशित बनाएको छ । यो जलवायु परिवर्तनसँग प्रत्यक्ष जोडिएको छ । हिमालले उत्तरी र दक्षिणी भागमा अत्यन्त फरक जलवायु सिर्जना गरेको छ । उत्तरी भाग (तिब्बती पठार) सुख्खा, मरुभूमिसरी छ भने दक्षिणी भाग (नेपाल, भारत, बङ्गलादेशको क्षेत्र) हरियाली र ओसिलो छ । उत्तरी ढलानमा वर्षा अत्यन्त न्यून हुन्छ, जनघनत्व पातलो र मानवीय गतिविधि न्यून छ । दक्षिणी ढलानमा भारी वर्षा, उच्च आर्द्रता, घना जङ्गल र बाक्लो मानव बस्ती छ । यहाँ औद्योगीकरण, सहरीकरण, खेतीपाती र पर्यटनको चहलपहल रहन्छ । दक्षिणी भागमा सल्फेट, नाइट्रेट र अमोनियम यातायात, औद्योगिक र कृषि स्रोतबाट आउँछन् । पारो, तामा, टिन, आर्सेनिक, क्याडमियम र निकेलको मात्रा उच्च छ । नाइट्रोजन निक्षेपण थ्रेसहोल्डभन्दा धेरै माथि छ । अधिकांश प्रदूषक स्थानीय स्रोतबाट आई हावाको मद्दतले हिमाल पारी पुग्छन् । उत्तरी भागमा भूपटलको धुलोको प्रभाव बढी हुन्छ । तर तिब्बतको ल्हासा, नाम्त्सोमा भारतीय मनसुनले दक्षिण एसियाबाटै प्रदूषक ल्याएको छ । हिमालले प्रदूषक रोके पनि पर्वतीय वायु उत्थान, हिमनदी हावा र हिमाली घाटीबाट ती प्रदूषक तिब्बती पठारभित्र पुग्छन् । मध्य-अक्षांशीय पश्चिमी हावाले मध्य एसियाबाट पनि प्रदूषक ल्याउँछ । जलवायु परिवर्तनले हावाको प्रवाह परिवर्तन गर्दै गर्दा प्रदूषकको लामो-दूरीको यात्रा झन् जटिल बन्दै गएको छ ।

**पारोः स्नायु-विषाक्त तत्व**

पारो एउटा स्नायु विषाक्त तत्व हो, जसको जैविक संचयन र जैविक आवर्धन हुन्छ । उत्तरी तिब्बतमा पारोको स्तर अमेरिका र दक्षिण कोरियाका प्रदूषित सहरहरू बराबर पाइएको छ । मुख्य स्रोत मानवजनित गतिविधि नै हो । दक्षिणी पठारमा पारो प्राकृतिक थ्रेसहोल्डभन्दा निकै माथि छ, जुन इन्डो-गंगेटिक मैदानको कोइला दहन, इँटा भट्टा र सवारी साधनको उत्सर्जनसँग जोडिएको छ । काठमाडौं र ल्हासामा सिमेन्ट कारखाना र धार्मिक क्रियाकलापले विश्वकै उच्च पारो स्तर देखाएको छ । अधिकांश स्थानमा ५९-९३% पारो कण-बद्ध अवस्थामा हुन्छ । बढ्दो तापक्रमले पारोलाई हिमनदीबाट पुनः सक्रिय गराउन सक्छ, जसले जलवायु परिवर्तन र प्रदूषणबीच खतरनाक अन्तरसम्बन्ध देखाउँछ ।

**कालो कार्बनः हिमनदी पग्लने तीव्रता**

जीवाश्म ईन्धन (४६%) र जैविक दहन (५४%) लगभग बराबर स्रोत हुन् । कालो कार्बनले हिउँको अल्बेडो (प्रतिबिम्बन क्षमता) घटाउँछ, जसले गर्दा गाढा बरफले बढी सूर्यको प्रकाश अवशोषित गर्छ । १०-२० एनजी/ग्राम कालो कार्बनले प्रतिबिम्बन क्षमता ५-१०% घटाउँछ । अधिकतम निक्षेपणमा हिमालयमा २०-४०% सम्म प्रतिबिम्बन क्षमता कमी रेकर्ड गरिएको छ, जसले अतिरिक्त १५-३०% हिउँ पग्लन निम्त्याउँछ । चार हजार मिटरभन्दा माथि प्रति दशक ०.३ देखि ०.७ डिग्री सेल्सियस तापक्रम बढिरहेको छ, जुन विश्वव्यापी औसतको करिब दोब्बर हो । पग्लँदै गर्दा हिमनदीले 'विरासत प्रदूषक' नदीमा छोड्छ । हिमनदीको अग्र-तालमा प्रदूषकको मात्रा बरफको तुलनामा ५ देखि ५० गुणासम्म बढी हुन सक्छ, जसलाई बैज्ञानिकले 'प्रदूषक प्रवाह' भन्ने गरेका छन् ।

**वर्षाको पानीः जोखिममा सार्वजनिक स्वास्थ्य**

दक्षिण एसियाको समथर भूभागमा लाखौं मानिस भूमिगत पानी आर्सेनिक लगायतका विषाक्त पदार्थले प्रदूषित भएकाले वर्षाको पानी सङ्कलन गर्न बाध्य छन् । यस क्षेत्रमा पहिलो पटक अनुसन्धानकर्ताले वायुमण्डलीय निक्षेपणलाई सार्वजनिक स्वास्थ्यको मापदण्डमा अनुवाद गरेका छन् । यसको सबैभन्दा ठूलो जोखिम बालबालिकामा देखिएको छ, किनभने उनीहरूमा गैर-क्यान्सर जोखिम वयस्कभन्दा उच्च हुन्छ । बङ्गलादेशको दिनाजपुरमा वयस्कको क्यान्सर जोखिम स्वीकार्य सुरक्षा सीमाको ९९.६ प्रतिशत नजिक छ भने नेपालको कोशी क्षेत्र पनि संवेदनशील छ । यसो हुनुमा निकल प्रमुख कार्सिनोजेनको रूपमा रहेको छ, जसले दक्षिण एसियाका धेरै स्थानमा कुल जोखिमको ६४ देखि ७८ प्रतिशत ओगट्छ । पूर्वी नेपालको तराई क्षेत्र पनि सोचनीय अवस्थामा छ । विभिन्न धातुहरूको संयोजनले एकल धातुको तुलनामा ३ देखि १० गुणा बढी स्वास्थ्य प्रभाव पार्न सक्छ । तर हालको जोखिम मूल्याङ्कनले यी यथार्थलाई समेट्न नसक्दा वास्तविक खतरा कम आकलन भइरहेको छ ।

**प्रदूषकको बाटोः नदी उपत्यका नै राजमार्ग**

स्थिर आइसोटोप अध्ययनको विश्लेषण अनुसार गण्डकी, कोशी र ब्रह्मपुत्र उपत्यकाले प्रदूषकको लागि राजमार्गको काम गर्छन् । भारतीय मनसुन मार्फत प्रदूषक हिमाल छिचोल्दै तिब्बती पठारभित्र पुग्छन् । गैर-मनसुनमा पश्चिमी हावाले मध्य एसिया र मध्य पूर्वबाट धुलो र प्रदूषक ल्याउँछ । तैपनि कम्प्युटर मोडेल र वास्तविक निक्षेपणबीच ठूलो अन्तर छ, जसले व्यवस्थित र लामो क्षेत्रीय अनुगमन सञ्जालको आवश्यकता देखाउँछ । केही अध्ययनले ठूला रूखहरूले प्रदूषक रोक्छन् भन्छन्, जसलाई 'फोरेस्ट फिल्टर प्रभाव' भनिन्छ, तैपनि ती प्रदूषक अन्ततः हिमनदीमै पुग्छन् । त्यसैले फोरेस्ट फिल्टर प्रभावको गहन बैज्ञानिक अनुसन्धानको महत्त्व औंल्याइएको छ ।

**अनुसन्धानकर्ताका पाँच प्राथमिकता**


बैज्ञानिक अनुसन्धानकर्ताले, विशेषगरी चीनको तिब्बत, भारत, नेपाल, र बङ्गलादेशको गरिएका अध्ययनहरूको आधारमा, निम्न पाँच कार्य-प्राथमिकता प्रस्ताव गरेका छन्

पहिलो, पानी सुरक्षा योजनामा वायुमण्डलीय निक्षेपणलाई अनिवार्य रूपमा समावेश गर्ने । दोस्रो, स्रोतमै उत्सर्जन नियन्त्रण गर्ने, जस्तै इन्डो-गंगेटिक मैदानका इँटा भट्टा, जीवाश्म ईन्धन, जैविक दहन, र उद्योगमा कडा मापदण्ड लागु गर्ने । तेस्रो, अन्तर-सीमीय अनुसन्धान र सहकार्य बलियो बनाउने, क्षेत्रीय सम्झौता र संयुक्त हिममण्डल अनुगमन सञ्जाल निर्माण गर्ने । चौथो, दिगो विकास लक्ष्यसँग पङ्क्तिबद्धता कायम गर्दै लक्ष्य ३ (स्वास्थ्य), ६ (पानी), ७ (ऊर्जा), ११ (सहर) र १३ (जलवायु) सँग प्रत्यक्ष जोडिएर अनुसन्धानमा जोड दिने । पाँचौं, तथ्यांकको खाडल सम्बोधन गर्ने, तिब्बती पठार र दक्षिण एसियामा संयुक्त अनुसन्धान बढाउने, आइसोटोपिक अध्ययनलाई प्राथमिकता दिने, र क्रायोकोनाइट (हिमनदीको भित्री खैरो भाग) को अध्ययन गर्ने ।

**निष्कर्ष**

हिमनदीहरू जमेको ताजा पानीका विशाल जलाशय हुन् । ती पग्लँदै जाँदा लामो समयसम्म जम्मा भएका विरासत प्रदूषक बाहिर निस्किन्छन् र नदी मार्फत तल्लो भागमा अरबौं मानिसको जीविका तथा वातावरणसँग जोडिन्छन् । तेस्रो ध्रुव अब यातायात र औद्योगिक उत्सर्जनको जम्मा हुने अन्तिम ठाउँ बनिसकेको छ । जलवायु परिवर्तनले यस प्रक्रियालाई थप तीव्र बनाएको अध्ययनले बताउँछ । बढ्दो तापक्रम, हिमनदी पग्लने दर र चरम मौसमी परिवर्तनका घटनाहरूले प्रदूषकको प्रभावलाई झनै भयावह बनाइरहेका छन् । यसको पूर्ण असर बुझ्न अझै वैज्ञानिक अनुसन्धान आवश्यक छ, तर अन्तर-सीमीय सहकार्य गर्न अब ढिला गर्नु हुँदैन ।

# मातातिर्थ औंशीको महिमा



प्रत्येक वर्ष वैशाख कृष्ण पक्ष औँसीका दिनमा जन्मदाता आमालाई सम्मान गरी मनाइने आमाको मुख हेर्ने पर्व शुक्रबार देशभर आमालाई मीठा-मीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाईएको छ ।

शास्त्रमा उपाध्याय (पण्डित), आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उहाँबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइने शास्त्रीय परम्परा छ ।

छोराछोरीले यस दिन बिहानै उठी नुहाएर आˆनी आमालाई राम्राराम्रा लुगा लगाउने र मीठामीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ । आमा नभएकाहरु भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदादानसहित भोजन गराई दिवङ्गत आमा र उनले गरेका महान् एवं कष्टकर काम सम्झने गर्दछन् ।

सनातन वैदिक शास्त्रमा प्रत्येक नरनारीले जीवनमा देवऋण, मनुष्यऋण र पितृऋण तिर्नैपर्छ भनिएको छ । वैदिक सनातन धर्मग्रन्थमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् जन्मदिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला एवं प्यार हुन् भनी आमा र जन्मभूमिको महत्व दर्शाइएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताएका छन् । सन्तानलाई नौ महिनासम्म गर्भमा धारण गरी जीवन दिने भएकाले आमाको महत्व अरूभन्दा बढी छ । बाबुभन्दा आमाको महत्व हजार गुणा बढी हुने भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पनि उनले जनाए । यस्तो महत्व भएकाले जीवित आमालाई मीठो खान र राम्रो लगाउन दिएर सम्मान गरी खुसी बनाइन्छ ।

दिवङ्गत आमाका नाममा श्रद्धा भक्तिसाथ तर्पण, पिण्डदान र सिदादान गरिन्छ । वैशाख कृष्ण औँसीका दिन दिवङ्गत आमाले आश गर्ने भएकाले तर्पण, पिण्डदान र सिदादानसहित श्राद्ध गरे खुसी भई आशीर्वाद दिने शास्त्रीय मान्यता रहेको छ । यस अवसरमा विभिन्न ठाउँमा मेलाहरू समेत लाग्ने गरेका छन् ।

# राम्रो विद्यालय कसरी रोज्ने ?



अभिषेक घिमिरे

अहिले विशेषगरी धेरैजसो विद्यालयहरूमा वार्षिक परीक्षा सकिएको छ । विद्यार्थीहरू केही समयका लागि फुर्सदिला भएका छन् भने आउँदो वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्र शुरू हुँदैछ । यस्तो समयमा विशेषगरी अभिभावकहरू आफ्ना नानीबाबुहरूलाई आधारभूत तहमा राम्रो विद्यालयमा भर्ना गराउने तयारीमा देखिन्छन् ।

धेरै अभिभावकहरू उपयुक्त विद्यालय खोज्दै हिँडिरहेका पनि भेटिन्छन् । बालबालिकाको विकासको आधार वास्तवमा आमाको गर्भावस्थादेखि नै शुरू हुन्छ । आमाको मानसिक स्वास्थ्य कस्तो छ, पोषणको अवस्था कस्तो छ–यी कुराहरूले पनि बालबालिकाको प्रारम्भिक विकासमा महत्त्वपूर्ण प्रभाव पार्छन् । त्यसपछि शुरू हुने प्रारम्भिक बाल्यकाल शिक्षाले थप आधार तयार गर्छ ।

त्यसपछि आउने आधारभूत तह वा प्राथमिक शिक्षा भनेको मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण जग हो । यही चरणमा बालबालिकाको सोच्ने क्षमता, सिक्ने बानी र व्यवहार विकास हुन्छ । त्यसैले यस तहमा गुणस्तरीय शिक्षक, सक्षम शिक्षण पद्धति र उत्कृष्ट विद्यालय वातावरण अत्यन्त आवश्यक हुन्छ । आधारभूत तहलाई जग अर्थात् 'फाउन्डेशन' भनिनुको कारण नै यही हो, यसले नै बालबालिकाको भविष्यको दिशा निर्धारण गर्छ ।

अहिले धेरै अभिभावकहरू राम्रो विद्यालय कस्तो हुन्छ भन्ने विषयमा अलमलमा परेकोजस्तो देखिन्छ । केही अभिभावकहरू महँगो शुल्क लिने विद्यालय नै राम्रो हुन्छ भन्ने भ्रममा छन् । कतिपयले सामाजिक प्रतिष्ठाका आधारमा विद्यालय रोज्ने गरेको पाइन्छ ।

त्यसैगरी केही अभिभावकहरू भने राम्रो नतिजा दिने विद्यालयलाई प्राथमिकता दिन्छन् । कामकाजी अभिभावकहरू विशेषगरी बच्चा बिहानदेखि बेलुकासम्म विद्यालयमै व्यस्त रहोस्, विद्यालयले नै बढी समय र जिम्मेवारी लिओस् भन्ने सोच राख्ने पनि छन् । यसैले वास्तवमा गुणस्तरीय शिक्षा के हो ? भन्ने विषयमा अभिभावकहरू अझै अन्योलमै छन् ।

साना बालबालिकाको हकमा विद्यालयले केवल पाठ्यवस्तु भराउने भन्दा पनि सिकाइप्रति उत्साह र अभिरुचि जगाउन सक्नुपर्छ । सिकाइ प्रक्रिया बालमनोविज्ञान अनुसार विना दबाव, स्वस्फूर्त रूपमा हुनुपर्छ । त्यसका साथै विद्यालयमा बालमैत्री र समावेशी वातावरण हुनु अत्यन्त आवश्यक छ जहाँ विभिन्न पृष्ठभूमिका बालबालिकाहरू सँगै सिक्न, छलफल गर्न र सहकार्य गर्न पाउँछन् । जान्नेले नजान्नेलाई सिकाउने, धनी-गरिब सबैलाई समान अवसर हुने वातावरण हुनु जरुरी छ । शारीरिक वा अन्य फरक अवस्थाका बालबालिकाहरूलाई पनि समेट्ने वातावरण हुनुपर्छ ।

विद्यालयमा खेल्नका लागि पर्याप्त स्थान, मैदान, रमाइलो गर्ने अवसर हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ । साथै पढाइ केवल किताब र पाठ्यक्रममा सीमित नभई वास्तविक जीवनसँग जोडिएको, रचनात्मकता र सिर्जनशीलता विकास गर्ने खालको हुनुपर्छ । यस्ता विशेषता भएका विद्यालयहरू नै वास्तवमा उत्कृष्ट मानिन्छन् ।

महँगो शुल्क लिने विद्यालयहरू नै गुणस्तरीय हुन्छन् भन्ने धारणा धेरै अभिभावकहरूमा देखिन्छ । तर वास्तविकता त्यस्तो मात्र होइन । मध्यम वा न्यून शुल्क भएका विद्यालयहरूमा पनि उत्कृष्ट शिक्षा प्राप्त गर्न पूर्णरूपमा सम्भव छ । शिक्षा त पहिले पिपलको रुखमुनि पनि दिइन्थ्यो । विद्यालयका भवनहरू मूलतः घाम, पानी र हावाहुरीबाट जोगिनका लागि बनाइएका हुन्, केवल महँगो संरचना बनाउनु नै गुणस्तरीय शिक्षाको आधार होइन ।

यसैले विद्यालयको भवन वा पूर्वाधार कति महँगो छ भन्ने कुरा भन्दा त्यहाँको सिकाइको वातावरण, शिक्षक र विद्यार्थीबीचको सम्बन्ध र शिक्षकको तयारी तथा प्रतिबद्धता नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हुन् ।न्यून शुल्क भएका वा सामुदायिक विद्यालयहरू जहाँ शुल्क नै नलाग्न सक्छ, त्यहाँ पनि प्रभावकारी सिकाइ सम्भव छ ।

विद्यालयको व्यवस्थापन, बालमैत्री वातावरण र बच्चाको बौद्धिक तथा मानसिक विकासमा विद्यालयले खेल्ने भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । त्यसैले अभिभावकहरूले विद्यालय छनोट गर्दा प्रचारप्रसारमा आएको जानकारी मात्रमा निर्भर हुनु हुँदैन । बरु नजिकका विद्यालयहरूको प्रत्यक्ष अवलोकन गर्नुपर्छ, शिक्षकहरूसँग संवाद गर्नुपर्छ र विद्यालयको वास्तविक वातावरण बुझ्नुपर्छ ।

हिजोआज सामाजिक सञ्जालमा देखिने सबै सामग्री सत्य वा यथार्थपरक नहुन पनि सक्छ । कतिपय अवस्थामा विद्यालयहरू प्रचारका लागि मात्र आकर्षक सामग्री प्रस्तुत गर्छन् । त्यसैले सामाजिक सञ्जाल वा मिडियामा देखिएको आधारमा मात्र निर्णय लिनु उपयुक्त हुँदैन । अर्को महत्त्वपूर्ण पक्ष भनेको बच्चाको विद्यालय नजिक हुनु हो । बच्चा हिँडेर पुग्न सक्ने दूरीमा रहेको विद्यालय अभिभावकको पहिलो रोजाइ हुनुपर्छ । यसले अभिभावकको निगरानी सजिलो बनाउँछ र बच्चाको दैनिक जीवन पनि सहज हुन्छ । यद्यपि यदि बच्चामा विशेष क्षमता वा आवश्यकता छ र त्यस्तो विद्यालय नजिक उपलब्ध छैन भने फरक कुरा हुन सक्छ ।

बच्चाको मस्तिष्क निर्माणसँगै जोडिएको विषय भनेको 'फाउन्डेशन लिटरेसी' र 'न्युमेरेसी' हो । अर्थात् आधारभूत तहमा गणितीय र वैज्ञानिक सीपहरूको विकास अत्यन्तै आवश्यक हुन्छ । यदि बच्चाले यी सीपहरू प्रारम्भिक अवस्थामै राम्रोसँग सिक्न पाएन भने माथिल्लो कक्षामा पुगेपछि उसको सोच्ने क्षमता र तार्किक शक्ति कमजोर हुन सक्छ ।

यस कारण साना कक्षाका विद्यालयहरूले विशेषगरी आधारभूत तहका विद्यालयहरूले यी सीपहरूको विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । अहिले धेरै विद्यालयहरूमा के देखिएको छ भने बच्चाहरूले उमेर र कक्षाअनुसार हासिल गर्नुपर्ने न्यूनतम सिकाइ उपलब्धि पूरा नगरी नै माथिल्लो तहमा सर्ने गरेका छन् । नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रले पनि पाठ्यक्रममै उमेर र तहअनुसारको सिकाइको मापदण्ड तय गरेको छ ।

यदि यी न्यूनतम सिकाइ उपलब्धि हासिल नगरी बच्चा अर्को तहमा जान्छ भने उसको आधार कमजोर रहन्छ । यसले गर्दा उच्च शिक्षासम्म पुग्दा पनि समस्या देखिन सक्छ । जसको आधारभूत शिक्षा बलियो हुन्छ त्यस्ता विद्यार्थीहरूले विश्वविद्यालय तहसम्मको शिक्षा पूरा गर्ने सम्भावना बढी हुन्छ । आधार कमजोर भएका विद्यार्थीहरू क्रमशः पढाइबाट बाहिरिने (ड्रपआउट हुने) अवस्थाहरू विभिन्न अनुसन्धानहरूले देखाएका छन् ।

त्यसैले बच्चाको 'फाउन्डेशन' मजबुत हुनु अत्यन्तै आवश्यक छ । यस विषयमा सरकारले पनि कुनै सम्झौता गर्नु हुँदैन र अभिभावकहरूले विद्यालय छनोट गर्दा पनि यसलाई प्राथमिकतामा राख्नुपर्छ ।

# भारतीय पर्यटकहरुको रोजाईमा कोशी किनार




**ईटहरी/** सप्तकोशीको किनारको रमणियताले भारतीय पर्यटकहरूलाई आकर्षित गर्ने गरेको छ । पूर्वी नेपालका साथै भारतको बिहारबाट समेत पर्यटक आउने भएकाले सप्तकोसी नदीको पूर्वी किनारको धरहरा टप्पु क्षेत्रदेखि चतरा पुलसम्म आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल हुने गरेको छ । पूर्व–पश्चिम राजमार्गसँग जोडिने वैकल्पिक मार्गका रूपमा रहेको चतराको पुल क्षेत्र थप आकर्षक बन्दै गएपछि पर्यटकको संख्या बढेको हो ।

विशेष अवसरबाहेक अन्य समयमा पनि आन्तरिक पर्यटक कोसी किनार र कोसी पुल क्षेत्रमा घुम्न आउने गरेका छन् । पछिल्लो समय वर्षभरि नै चतराको कोसी पुल क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएको स्थानीय भविन राउतले बताए । उनका अनुसार कोसी किनार धार्मिक स्थलहरूसँग जोडिएकाले पनि यो क्षेत्र थप आकर्षक बनेको हो ।

यहाँ घुम्न आउने पर्यटकहरूले वराहक्षेत्र मन्दिर, कुम्भ स्तम्भ, हनुमान मन्दिर, राधाकृष्ण मन्दिर, सिस महल, औलिया मठ, रामधुनी मन्दिरलगायत धार्मिक स्थलको समेत अवलोकन गर्ने गरेका छन् । सप्तकोसी नदी, हरियाली डाँडा र छहराहरूको मनोरम दृश्य अवलोकन गर्न पनि पर्यटकहरू आउने गरेका छन् ।

धरान, इटहरी, विराटनगर, फत्तेपुर, गाईघाट, बेलटारलगायत क्षेत्रबाट सूर्यास्त अवलोकन गर्न आउने पर्यटकको संख्या पछिल्लो समय बढ्दै गएको छ ।

वराहक्षेत्र, चतराधाम, रामधुनी, विष्णुपादुका र धरान नजिकको चतरा सूर्यकुण्ड क्षेत्र प्राकृतिक रूपमा भेडेटारपछि प्रमुख रमणीय स्थलका रूपमा विकसित हुँदै गएको छ । कोसी पुल वरपर स्तरीय होटलदेखि साना खाजा पसलसम्म सञ्चालनमा रहेकाले पर्यटकका लागि आवास तथा खानपानको राम्रो व्यवस्था रहेको ग्यालेक्सी होटलका सञ्चालक ईश्वर गुरूङले बताएका छन् ।

सप्तकोसी नदीमा सञ्चालन हुँदै आएको जेटबोट पनि यहाँको अर्को आकर्षण बनेको छ । जेटबोट बराहक्षेत्रदेखि सिम्लेसम्म सञ्चालन हुने गरेको छ । उदयपुर, सप्तरी, भोजपुर, धनकुटा, सुनसरी, मोरङलगायत जिल्लाबाट जेटबोट सयर गर्न पर्यटक आउने गरेका छन् । केहि समययता पूर्वी नेपालका विभिन्न स्थानबाट सप्तकोसी नदीको पूर्वी तटबन्ध क्षेत्रमा घुम्न आउने आन्तरिक पर्यटकको संख्या बढ्दै गएको छ । नयाँ वर्ष सुरू भएयता कोसी किनारको बोराबाँध र चतरास्थित कोसी पुल क्षेत्रमा पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको स्थानीयले बताएका छन् ।

**जानकारी**

## कोशीमा बाँध बनाउन शुरु

ईटहरी/ कोशीको बाढीबाट हुने सम्भावित जोखिम न्युनिकरणका लागि उदयपुरको बेलका नगरपालिका-८, लाहुरेखोचस्थित डुम्रीबोटे क्षेत्रमा बाँध निर्माण शुरू गरिएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय विराटनगरले दुई करोड ३२ लाख ९८ हजार ६९० रूपियाँको लागतमा ठेक्का सम्झौता गरी दुई छुट्टाछुट्टै निर्माण व्यवसायीमार्फत एक किलोमिटर लम्बाइ, नौ मिटर स्लोप उचाइ र डेढ मिटर धुरीको चौडाइ भएको बिग बोल्डर अर्थात् ठुला ढुङ्गा लगाएर तटबाँध निर्माण गरी कोशी नियन्त्रणको काम गरेको हो ।

विगतमा सप्तकोशीको बाँध फुटेर गाउँतिर बाढी पसेको लाहुरेखोचस्थित डुम्रीबोटे क्षेत्रमा कोशीको धार मोडिएपछि सो स्थानभन्दा तलबाट कटान गरी कोशी पुनः गाउँतिर पस्ने खतरा बढेकाले तटबाँध निर्माण गरी कोशी नियन्त्रणको कार्य धमाधम भइरहेको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय विराटनगरका आयोजना प्रमुख डिई राजेन्द्रप्रसाद देवले जानकारी दिए ।

कोशीको प्रवाहलाई किनारातिर ठोक्किएर दबाब कम गरी कटान नियन्त्रण गर्न अघिल्ला वर्षमा लगाइएको बिगबोल्डर प्रभावकारी भएकाले अहिले पनि त्यस प्रकारको नदी कटानको प्रवाहलाई नियन्त्रण गर्न सोही किसिमको बिग बोल्डरको स्थायी प्रकृतिको बाँध बनाइएको उनको भनाई छ । २०८३ वैशाख २० भित्रमा सम्पूर्ण काम सम्पन्न गर्ने गरी केयन बिल्डर्स प्रालि मोरङ र दिखुपा कन्स्ट्रक्सन प्रालि सुनसरीसँग क्रमशः एक करोड १६ लाख ४८ हजार ९०५ रूपियाँ र एक करोड १६ लाख ४९ हजार ७८४ रूपियाँको लागतमा तटबाँध निर्माण गर्न २०८२ वैशाख २१ गते दुई अलग अलग ठेक्का सम्झौता गरी निर्माण अगाडि बढाइएको हो । सप्तकोशीको बाढीबाट विगतका वर्षमा बेलका नगरपालिका-२, ३, ८, ९ र सुनसरीको वराहक्षेत्र नगरपालिका-६ र ९ का गरी करिब दुई हजार पाँच सय घर प्रभावित बनेकोमा पाँच सय परिवार तत्काल अस्थायी आवास व्यवस्था गरी सुरक्षित स्थानमा राखिएको थियो ।

**पुस्तक-साभार**

**राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव**



## राजनीतिसँगै राजकाज

✍ रविन्द्र मिश्र

क्रमागत:

**अब के गर्ने ?**

**इमानदार नेतृत्व चयन**

केटाकेटीहरूलाई इमानदारी सिकाउन सकिन्छ । तर उमेर पुगिसकेकाहरूलाई इमानदार बन्न सिकाउन सकिँदैन, त्यो आत्मज्ञानबाट प्राप्त हुने गुण हो । विधिको शासनले ठूलो हदसम्म नागरिकहरूलाई इमानदार बनाउन बाध्य तुल्याउन सकिन्थ्यो । तर हामीकहाँ शासन गर्नेहरूबाटै विधि तोडिने गरेको छ । त्यसैले त्यो पनि सम्भव भएन । हाउ टू बी अ मिनिस्टरमा हाउ टू बी अनेस्ट अर्थात् इमानदार कसरी बन्ने भन्ने खण्ड नै छैन । त्यो बेलायती राजनीतिज्ञहरूका लागि त्यस्ता व्यक्तिहरूले राजा महेन्द्रको नेतृत्वकौशलबाट सिके हुन्छ, जसले न धेरै पढेका थिए न त देशविदेश घुमेका ।

नेपालका एक जना जानेमानेका गणतन्त्रवादी कम्युनिस्ट नेताले समेत कैयौ पत्रकार उपस्थित भएको कार्यक्रममा नेपालमा राजा महेन्द्र जस्तो राजनेता त जन्मिएकै छैनन्' भनेको मैले सुनेको छु । उनी आफू पढेलेखेको नभए पनि पढेका, लेखेका, देशविदेश देखेका, क्षमतावान्, प्रतिभाशाली सबैलाई सही ठाउँमा सही काम लगाउन जान्दथे । उनी राजा हुनाले उनमा राजश्री दम्भ त थियो नै । सम्भवत: त्यसैले हुनुपर्छ, उनले बिपी कोइरालासँग सन्तुलित सम्बन्ध राख्न सकेनन् । र अन्तत: प्रजातन्त्र नै खाइदिए । तर अन्य कामका हकमा उनको शैली र क्षमताबारे उनीसँग काम गरेकाहरू मुक्तकण्ठले प्रशंसा गर्छन् । राजा महेन्द्रसँग काम गरेका पूर्वमन्त्री तथा कूटनीतिज्ञ डा. भेखबहादुर थापाले एक ठाउँमा आफ्नो संस्मरणमा लगभग यसो भनेका छन्, 'कोदारी राजमार्ग निर्माणको अमेरिका र भारतले विरोध गरिरहेका थिए । एक पटक राजा महेन्द्रले मलाई भने- हेर भेखबहादुर, तिमी अमेरिकामा पढेको मान्छे, तिमीलाई अङ्ग्रेजी पनि राम्रो आउँछ । मलाई त अङ्ग्रेजी राम्रो आउँदैन । त्यसैले तिमी अमेरिका जाऊ र उनीहरूलाई कोदारी राजमार्ग हाम्रो भूराजनीतिक आवश्यकता हो, साम्यवाद भित्र्याउने बाटो होइन भनेर भनिदेऊ । त्यत्ति एउटा वाक्यबाट राजा महेन्द्रको काम गर्ने सोच र शैली प्रतिबिम्बित हुन्छ ।

राजकाजबारे यस्ता बुँदा थपिँदै जान सक्छन् । तर मैले समग्रमा पाँच बुँदामा मात्र यो आलेखलाई सीमित राख्न चाहे । किनभने तौ पाँच बुँदाले उल्लिखित जेरल्ड कोफमनले आफ्नो पुस्तकमा चर्चा गरेलगायत अन्य धेरै आधारभूत विषय समेट्छन् । हाम्रा नेतालाई राजनीतिसँगै राजकाज नसिकाउने र उनीहरूले पनि त्यसमा विशेष ध्यान नपुर्‍याउने हो भने बहुमतप्राप्त स्थिर सरकारले पनि विकास नदिने स्पष्ट छ । त्यसो भयो भने, नेपालमा बग्रेल्ती राजनीतिकर्मीहरू जन्मिरहनेछन्, कोही राजनेता हुनेछैनन् । क्रमश:

**स्वास्थ्य**

# गर्मीमा छालाको स्याहार कसरी गर्ने ?

गर्मी मौसममा लुगाफाटा र खानपानका साथसाथै छालाको आवश्यकता पनि परिवर्तन हुन्छ । चर्को घाम, पसिना र प्रदूषणले छालामा सीधा असर गर्छन् । यस्तो अवस्थामा तपाईंले जाडोमा प्रयोग गरिने छालाको हेरचाह गर्ने रुटिन नै जारी राख्नुभयो भने, छाला अत्यधिक चिल्लो हुने, फुस्रो देखिने वा डन्डीफोर आउने समस्या हुन सक्छ । वास्तवमा, गर्मीमा पराबैजनी किरण र आर्द्रताले छालाको बाहिरी तहलाई हानि पुर्‍याउन सक्छन् । यसले ट्यानिङ, पिग्मेन्टेसन र संक्रमणको जोखिम बढाउने देखिएको छ ।

*गर्मीमा छालाको हेरचाह कसरी गर्ने ? कुन-कुन गल्तीले छालालाई हानि पुर्‍याउँछन् ? सर्वप्रथम यिनै कुराहरूको बारेमा जानकारी लिउँ :*

**स्किन केयर रुटिन परिवर्तन गर्न किन आवश्यक छ ?**

निम्न कारणहरूले गर्दा गर्मीमा स्किन केयर रुटिन परिवर्तन गर्न आवश्यक देखिन्छ :

धेरै पसिना आउनु: गर्मीमा धेरै पसिना आउँछ । यसले छालाका रोमछिद्रहरू बन्द हुन थाल्छन् र डन्डीफोर तथा खटिरा आउने समस्या बढ्छ ।

**चर्को घाम:** गर्मीमा घाम धेरै लाग्छ । पराबैजनी किरणहरू सीधा छालामा पर्छन् । यसले ट्यानिङ, सनबर्न र पिग्मेन्टेसनको जोखिम बढाउँछ ।

**निर्जलीकरण :** चर्को गर्मी र पसिनाको कारण शरीरमा पानीको कमी हुन्छ। यसले छालालाई सुक्खा र फुस्रो बनाउँछ। के छालाको प्रकारअनुसार स्किन केयर रुटिन फरक हुन्छ ?

हो, हरेक छालाको आवश्यकता र समस्या फरक हुन्छ। छालाले फरक-फरक तरिकाले प्रतिक्रिया जनाउँछ। त्यसैले एउटै उत्पादन (Product) र तरिका सबैको छालामा काम गर्दैन ।



**कुन प्रकारको छालामा कस्तो समस्या बढी हुन्छ ?**

**चिल्लो छाला :** अत्यधिक तेल आउने, डन्डीफोर आउने र रोमछिद्रहरू ठूला हुने।

**सुक्खा छाला :** छाला कडा र फुस्रो हुने, चिलाउने र रोमछिद्रहरू साना हुने ।

मिश्रित छाला : टी-जोन (निधार, नाक र चिउँडो) मा चिल्लो हुने तर गालामा सुक्खा हुने।

**संवेदनशील छाला :** रातो हुने, चिलाउने, पोल्ने र जुनसुकै कुराले सजिलै असर गरिहाल्ने खालको हुन्छ । गर्मीमा स्किन केयरका सामान्य आधारभूत चरणहरू के-के हुन्, जुन सबै प्रकारको छालामा लागू हुन्छन् ?

**जवाफः** गर्मीमा स्किन केयरका आधारभूत चरणहरू यस प्रकारका रहेका छन् :

*१. दिनमा दुई पटक अनुहार धुनुहोस्।*
*२. अनुहार धोएपछि टोनर प्रयोग गर्नुहोस्।*
*३. आफ्नो छालाको प्रकारअनुसार मोइस्चराइजर लगाउनुहोस्।*
*४. बाहिर जानुअघि र घरभित्र बस्दा पनि आवश्यकताअनुसार सनस्क्रिन लगाउनुहोस्।*

छालाको प्रकारअनुसार गर्मीको लागि पूर्ण स्किन केयर रुटिन कस्तो हुनुपर्छ ?

**चिल्लो छाला :**

**बिहानः** जेलमा आधारित फेसवासले अनुहार धुनुहोस्। अल्कोहल-रहित टोनर र तेल-रहित मोइस्चराइजर लगाउनुहोस्। अन्त्यमा कम्तीमा एसपीएफ ३० भएको सनस्क्रिन लगाउनुहोस् ।

**रातिः** सुत्नुअघि फेसवासले अनुहार धुनुहोस् । तेल नियन्त्रण गर्ने सेरम लगाउनुहोस् र मोइस्चराइजर लगाउनुहोस् ।

**साप्ताहिक रूपमाः** हप्तामा २ देखि ३ पटक क्ले मास्क लगाउनुहोस् (यसले तेल सोस्छ)। १-२ पटक अनुहार स्क्रब गर्नुहोस् ।

**सुक्खा छाला**

बिहान: क्रिममा आधारित फेसवासले अनुहार धुनुहोस्। हाइड्रेटिङ टोनर लगाउनुहोस्। त्यसपछि सेरामाइड वा हाइलुरोनिक एसिड आधारित मोइस्चराइजर लगाउनुहोस्। अन्त्यमा हाइड्रेटिङ सनस्क्रिन लगाउनुहोस् ।

**रातिः** फेसवासले अनुहार धुनुहोस्, हाइड्रेटिङ सेरम लगाउनुहोस् र नाइटक्रिम लगाउनुहोस् ।

**साप्ताहिक रूपमाः** हप्तामा १-२ पटक हाइड्रेटिङ मास्क लगाउनुहोस्। १-२ पटक अनुहारलाई हल्का स्क्रब गर्नुहोस् (धेरै स्क्रब गर्नबाट बच्नुहोस )

**मिश्रित छाला**

बिहान: हल्का फेसवासले अनुहार धुनुहोस्। हल्का मोइस्चराइजर लगाउनुहोस्। त्यसपछि सनस्क्रिन लगाउनुहोस् (सनस्क्रिन धेरै चिल्लो हुनु हुँदैन)। निधार, नाक र चिउँडोमा तेल नियन्त्रण गर्ने सेरम लगाउन सक्नुहुन्छ ।

**रातिः** फेसवासले अनुहार धुनुहोस्। हल्का हाइड्रेटिङ सेरम र मोइस्चराइजर लगाउनुहोस्।

**संवेदनशील छाला**

बिहान: सुगन्धरहित र कोमल फेसवासले अनुहार धुनुहोस्। एलोभेरामा आधारित मोइस्चराइजर लगाउनुहोस्। अन्त्यमा जिंक अक्साइड भएको मिनरल-बेस सनस्क्रिन लगाउनुहोस् ।

**रातिः** फेसवास गर्नुहोस् र एलोभेरामा आधारित मोइस्चराइजर लगाउनुहोस्।

**साप्ताहिक रूपमाः** छालालाई आराम दिने सुदिङ फेस मास्क लगाउनुहोस्। अनुहार स्क्रब नगर्नुहोस् ।

**गर्मीमा छाला किन धेरै चिल्लो हुन्छ ?**

छालामा सिबासियस ग्रन्थी हुन्छन्, जसले 'सेबम' अर्थात् प्राकृतिक तेल बनाउँछन्। गर्मीमा तापक्रम बढ्दा यी ग्रन्थीहरू धेरै सक्रिय हुन्छन्। गर्मीमा धेरै पसिना आउँछ। तेल र पसिना मिसिएर छाला टाँसिने र चिपचिप हुने हुन्छ । गर्मीमा आर्द्रता पनि बढी हुने भएकाले तेल उड्न सक्दैन र छालामै टाँसिएर रहन्छ। यसले गर्दा छालाका रोमछिद्रहरू छिटो बन्द हुन्छन् । साथै, हर्मोनले पनि तेल उत्पादनमा असर गर्छ ।

**कला/मनोरञ्जन**

# सिने बजारमा भित्रिदै ३ अर्व

**दमक/** २०८३ सालमा नेपाली सिने बजारमा ठुलो रकम भित्रिने देखिएको छ। नेपाली फिल्म निर्माणमा निर्माताहरूले यो वर्ष करिब ३ अर्ब रुपैयाँ लगानी गर्ने भएका छन् । विक्रम संवत् २०८२ (वैशाखदेखि चैत्रसम्म) का लागि चलचित्र विकास बोर्डमा दर्ता भएका फिल्महरूको सूचीले यो तथ्य देखाएको हो। नेपालमा फिल्म निर्माण गर्नुअघि चलचित्र विकास बोर्डबाट लागत घोषणासहित अनिवार्य रूपमा अनुमति लिनुपर्ने प्रावधान छ। सोही प्रावधानअनुसार वर्ष २०८२ का लागि २३० वटा फिल्मले निर्माण अनुमति लिएका छन् । बोर्डले सार्वजनिक गरेको तथ्याङ्कअनुसार यी फिल्महरूमा कुल २ अर्ब ८९ करोड ३० लाख रुपैयाँभन्दा बढी लगानी घोषणा गरिएको छ । यो रकम विगतका वर्षहरूको तुलनामा बढी हो, गत वर्ष करिब २ अर्बको लगानी घोषणा भएको थियो ।

**५ लाखदेखि १० करोडसम्म**

नेपाली फिल्म बजारमा हाल दुई धारका निर्माता सक्रिय देखिन्छन् । एकातिर सामान्य बजेटमा कथा प्रस्तुत गर्न खोज्नेहरू छन् भने अर्कोतर्फ अन्तर्राष्ट्रिय बजारलाई समेत लक्षित गरी ठुलो बजेटमा फिल्म बनाउनेहरूको जमात छ । नेपालमा फिल्म निर्माणका लागि लगानीको कुनै निश्चित मापदण्ड भने तोकिएको छैन ।

बोर्डबाट निर्माण इजाजत लिएका २३० फिल्महरू एकै प्रकृतिका छैनन् । तीमध्ये धेरैजसो नेपाली भाषाका फिचर फिल्म भए पनि केही गुरुङ, नेपाल भाषा, राजवंशी, थारु, तामाङलगायत विभिन्न मातृभाषाका फिल्म पनि छन् । तथ्याङ्कअनुसार यस वर्ष न्यूनतम ५ लाखदेखि अधिकतम १० करोड रुपैयाँसम्मका फिल्म दर्ता भएका छन् । सबैभन्दा धेरै, १० करोड लगानी घोषणा गरिएको फिल्म 'माइती' हो । सिनेमा आर्ट प्रालिको ब्यानरमा निर्माण हुन लागेको यो फिल्मका निर्माता रौनकविक्रम कँडेल हुन् भने निर्देशन सुयोग गुरुङले गर्नेछन् । कलाकारमा हालसम्म सुपुष्पा भट्टको नाम मात्र उल्लेख छ । त्यसैगरी सबैभन्दा कम अर्थात् ५ लाख लगानीमा दुईवटा फिल्म निर्माण हुने भएका छन्, 'सागर विरला' र 'अल्पविराम' । 'सागर विरला' राजवंशी भाषामा एसफोरजी फिल्मस् प्रालिले निर्माण गर्न लागेको हो ।

सन्तबहादुर लिम्बू निर्माता र नरेन्द्र लाओती निर्देशक रहेको फिल्ममा सन्तबहादुर लिम्बू, राधा राजवंशी र सम्झना राजवंशीले अभिनय गर्नेछन् । अर्को फिल्म 'अल्पविराम' भने नेपाली भाषामै बन्न लागेको हो । ब्रोर्डकास्टिङ मिडिया हाउस प्रालिको ब्यानरमा बन्ने यस फिल्मका निर्माता अनिल खाती र निर्देशक विजयकृष्ण श्रेष्ठ हुन् । फिल्ममा रिया पुन र विजयकृष्ण श्रेष्ठले अभिनय गर्ने बताइएको छ ।

फिल्म निर्माणमा लगानी जति बढ्छ, जोखिम पनि उत्तिकै थपिन्छ । यद्यपि ठुलो लगानी गर्न निर्माताहरू हच्किएका देखिँदैनन् । १ करोडदेखि ३ करोडसम्म निर्माण लागत घोषणा गर्ने फिल्मको संख्या १०१ छ, जसमा १ करोड लागतका २१ वटा, १ करोडभन्दा माथि २ करोडसम्मका ६२ वटा र २ करोड लागतका १८ वटा फिल्म छन् । कस्तुरी, कस्यप, पाङ्रे, दुई किनारा, जेनेरेसन, गुड लक भैरे, पाण्डेको वान डे, एक दुई तीन, क्याप्टेन कालिका, बाक्स, शुभ विवाह लगायतका फिल्म यो सूचीमा पर्छन् ।

त्यस्तै २ देखि ३ करोडसम्म लगानी घोषणा गर्ने फिल्म ३४ वटा छन्, जसमा 'जङ्गबहादुर', 'कामिनो', 'कहाँ भेटिएला', 'भिङ्गेदाउ-२', 'छल कपट', 'ईंटा भट्टा' आदि पर्छन् । त्यस्तै, ३ देखि ४ करोडसम्मका ७ वटा फिल्म दर्ता भएका छन्, जसमा 'एक्का तीन', 'वैरीप्रिया', 'पारि बुटवल', 'जहाजैमा', 'कोलाहल' लगायत छन् । ५ करोडभन्दा माथि लगानी हुने एउटा मात्र फिल्म 'तथास्तु' दर्ता भएको छ, जसको लगानी ५ करोड ४० लाख घोषणा गरिएको छ ।

**दैनिक राशिफल**



आज मिति
२०८३ साल
वैशाख ०५ गते
शनिबार
18 April 2026
तिथि: प्रतिपदा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाइबैनीबाट सहयोग पुरुषार्थले धनलाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | कुटुम्बबाट सहयोग शिक्षामा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | हिम्मत बढ्ने जीवनसाथीबाट धनलाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | खर्च बढ्ने परीवारबाट सहयोग । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आत्मबल बढ्ने विद्यामा सफलता । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आयमा बृद्धि पद प्रतिष्ठा बढ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | मित्र, भाई बैनीकोबाट सहयोग खुट्टमा केही समस्या । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | गुप्ताङ्गमा केही समस्या सामान्य धन लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | बुबाबाट सहयोग जीवनसाथीसँग विवाद । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यवसायबाट कर्म लाभ रोग वा शत्रु बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | चिन्ता बढ्ने व्यवसायबाट सामान्य लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | भूमि वहानबाट लाभ मनमा सामान्य चिन्ता बढ्ने । |

# मेचे समुदायको 'वैशागु बथर' सम्पन्न

**झापा/** लोपोन्मुख मेचे आदिवासी जनजातिको आह्वान: भाषा, संस्कार, संस्कृति र समतामूलक विकासमा हाम्रो अभियान' भन्ने मूल नाराका साथ मेचे समुदायको राष्ट्रिय पर्व 'वैशागु बथर' झापाको बिर्तामोडमा भव्य रूपमा मनाइएको छ ।

बिर्तामोडमा रहेको अतिथि सदनमा आयोजित शुभकामना आदानप्रदान तथा बृहत् सांस्कृतिक कार्यक्रममा नेपाल र भारतका मेचे समुदायको बाक्लो उपस्थिति थियो ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङको प्रमुख आतिथ्य तथा मेचे समाज सिबियारीका केन्द्रीय अध्यक्ष वीरेन्द्र मेचेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मेचे समुदायको पहिचान र अधिकारका विषयमा चर्चा गरिएको थियो ।

कार्यक्रमको मुख्य आकर्षण भारतको आसामबाट आएकी प्रख्यात गायिका सुलेखा बसुमतारी थिइन् । ८० वर्षीया बसुमतारीले नेपाली र आसामी गीतहरू मार्फत दर्शकलाई मन्त्रमुग्ध पारिन् । उनले नेपाली चर्चित गायिका कुन्ती मोक्तानको 'कोही भन्छन् जिन्दगानी कर्कलाको पात...' बोलको गीत गाउँदा हलमा रहेका दर्शकहरू उत्साहका साथ झुमेका थिए। उनको प्रस्तुतिले संगीत र कलालाई उमेर, भाषा र भूगोलले छेक्न सक्दैन भन्ने बलियो सन्देश दिएको थियो।

सोही अवसरमा मेचे समुदायबाट विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरियो । राष्ट्रिय सभा सदस्य माननीय रोशनी मेचेलाई कार्यक्रमका प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूले सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरे । सोही अवसरमा मेचे समुदायबाट पहिलो पटक डाक्टर बन्न सफल व्यक्तित्व, एसइई र कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याउने छात्रछात्राहरू, विभिन्न खेलकुदका राष्ट्रिय खेलाडी तथा प्रशिक्षक र चलचित्र निर्देशकहरूलाई पनि विशेष सम्मान प्रदान गरियो ।

कार्यक्रमका प्रमुख अतिथी लगायतका वक्ताहरूले लोपोन्मुख मेचे जातिको उत्थानका लागि राज्यको विशेष ध्यान जानुपर्ने बताए। कार्यक्रममा हल्दीबारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देन लगायतले बोलेका थिए ।

भारतको आसामबाट सहभागी पाहुनाहरू–बोडो लेखक राजन बसुमतारी र बीकेडब्लूएसीका कार्यकारी सदस्य प्रदीप स्वर्गियारीले नेपाल र भारतमा छरिएर रहेका मेचे समुदायबीचको सांस्कृतिक सम्बन्धले भावनात्मक एकता बढाउने उल्लेख गरे ।

***झापाका......*** देखिन्छ ।१२ उद्योगमध्ये कसैले पनि मापदण्ड पुरा गरेका छैनन् । घरेलुले प्रशासनलाई दिएको प्रतिवेदन अनुसार कुनै पनि क्रसर उद्योगहरूले नवीकरण समेत गरेका छैनन् । घरेलुको तथ्यांकमा १२ वटा उद्योग देखिएपनि जिल्लाभर ३० भन्दा बढी उद्योग सञ्चालनमा रहेका छन् ।

***स्थानीय सरकारको.....*** देखि साँझ ५ बजेसम्म यथावत रहने छ । यस्तै संघीय सरकारको निर्णय विपरीत धनगढीमा पनि विद्यालय भर्ना अभियान शुरू गर्ने निर्णय भएको छ । नगरपालिकाद्वारा जारी सूचना अनुसार, धनगढीका सबै विद्यालयहरूले मिति २०८३ वैशाख ४ गते देखि वैशाख ११ गतेसम्म विद्यार्थी भर्ना अभियान सञ्चालन गर्नुपर्ने उल्लेख छ ।

यस्तै बाजुराको बडिमालिका नगरपालिकाले सामुदायिक विद्यालयहरूको विदा व्यवस्थापन सम्बन्धमा नीतिगत स्पष्टता माग गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई औपचारिक पत्राचार गरेको छ । संघीय सरकारले सातामा दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा लागु गर्ने निर्णय गरेपछि विद्यालयको वार्षिक न्यूनतम २२० शैक्षिक दिन पूरा गर्न कठिन भएको भन्दै नगरपालिकाले हप्तामा एक दिन मात्रै बिदा कायम गर्न उपयुक्त हुने सुझाव दिएको छ । नगर प्रमुख अमर खड्काले मन्त्रालयका सचिवलाई सम्बोधन गर्दै पठाएको पत्रमा हालको दुई दिने बिदा प्रणाली, चाडपर्व तथा प्रशासनिक बिदाहरूका कारण विद्यालयमा वास्तविक पठन-पाठन दिन उल्लेखनीय रूपमा घट्दै गएको उल्लेख गरेका छन् ।

साताको दुई दिन विदा र शैक्षिक शत्र ढिला गरि शुरू गर्ने निर्णयले समस्या पारेको भन्दै स्थानीय सरकारहरूले संघीय सरकारको ध्यानाकर्षण गराएका छन् ।

गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल र नेपाल नगरपालिका संघले विद्यालय सञ्चालनका विषयमा देखिएको अन्यौलता अन्त्य गर्न स्थानीय तहलाई आˆनै आवश्यकताअनुसार भर्ना र पठनपाठन सुचारू गर्न आग्रह गरेका पनि गरेका छन् । दुवै संस्थाले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै नेपाल सरकारको निर्णयअनुसार २०८३ सालको शैक्षिक सत्र वैशाख १५ देखि सुरू गर्ने भनिए पनि विभिन्न कारणले शैक्षिक गतिविधिमा अन्यौलता उत्पन्न भएको बताएका छन् । यस विषयमा बिहीबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलसहित मन्त्रालयका उच्च अधिकारीसँग भेट गरी ध्यानाकर्षण गराइएको जनाइएको छ ।

मन्त्रालयले पेट्रोलियम पदार्थको अभाव र मूल्यवृद्धि तथा सर्वोच्च अदालतको आदेशका कारण भर्ना प्रक्रिया अघि नबढाई पठनपाठन नगर्न निर्देशन दिएको उल्लेख गर्दै वैशाख १५ देखि २१ सम्म भर्ना अभियान सञ्चालन गरी त्यसपछि मात्र कक्षा सञ्चालन गर्ने प्रस्ताव अघि सारेको विज्ञप्तिमा बताइएको छ । तर, संघ-महासंघले यस्तो निर्णय गर्दा स्थानीय तहसँग पर्याप्त समन्वय नभएको गुनासो गरेका छन् । त्यसैगरी, शैक्षिक सत्र ढिलो सुरू गर्ने र आइतबारसमेत बिदा दिने निर्णयले विद्यालय सञ्चालन अवधि साँघुरिएको, विद्यार्थी र अभिभावकमा अन्यौलता बढेको र संस्थागत विद्यालयले भर्ना सुरु गरिसकेकाले सामुदायिक विद्यालयमा थप चुनौती सिर्जना हुने अवस्था रहेको औँल्याइएको छ ।

***बजारमा......***

*अपराधजन्य घटना नियन्त्रण गर्न साथै नागरिकलाई सुरक्षाको प्रत्याभूत गराउन सीसी टिभी जडान गरिएको हो । त्यस्तै, अपराधिक गतिविधिको अनुसन्धानमा सहजत ल्याउन र ट्राफिक व्यवस्थापन तथा सडक नियमन गर्ने उद्देश्यलेसमेत सीसी टिभी जडान गरिएको आङ्देम्बेले बताए । उनका अनुसार गाउँपालिकाको वडा १ सिनामको पञ्चमी, वडा २ आम्बेगुदिनको खाम्दिम्बे बजार, वडा ४ तेल्लोकको बाघथला र विशाल चौकमा सीसी टिभी जडान गरिएको छ । उक्त क्षेत्रहरुमा जडान भएका सीसी टिभीको नियन्त्रण र नियमन इलाका प्रहरी कार्यालय तेल्लोकले गर्ने गाउँपालिकाले जनाएको छ ।*

***स्थानीय.....*** सञ्चालनका लागि न्यूनतम मापदण्ड नेपाल सरकारले निर्धारण गर्ने भए पनि, ती मापदण्डभन्दा उच्च गुणस्तर कायम गर्ने उद्देश्यले स्थानीय सरकारले गर्ने कुनै पनि असल कार्यलाई कुनै कानुनी अवरोध नहुनेतर्फ विश्वस्त रहन सबैमा हार्दिक आग्रह गर्दछौं ।' नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना र गाउँपालिका महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले स्थानीय तहलाई सुझाव विषयमा संयुक्त रूपमा सर्कुलर गरेका हुन् । सरकारको निर्णय अव्यवहारिक रहेको भन्दै कतिपय स्थानीय तहले वैशाख २ गतेदेखि नै विद्यार्थी भर्ना लिने र वैशाख २१ अगाबै कक्षा सञ्चालन गर्ने निर्णय गरिसकेका छन् ।

अन्तर्राष्ट्रिय

## लेवनान-ईजरायल १० दिने युद्ध बिराम

**एजन्सी/** इजरायल र लेबनानबीच १० दिनको युद्धविराम सहमति भएको छ। नेपाली समय अनुसार युद्धविराम शुक्रबार बिहान २:४५ बाट लागु भएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मार्फत लेबनानका राष्ट्रपति जोसेफ औन र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहू सँग कुराकानी गरेपछि यस्तो सहमति भएको बताएका छन् । उनले दुवै नेतालाई वासिङ्टनमा वार्ताका लागि निमन्त्रणा दिने पनि बताएका छन् । यसै हप्ता वासिङ्टनमा यी दुई देशबीच ३४ वर्षपछि पहिलोपटक प्रत्यक्ष वार्ता भएको थियो, जसमा अमेरिकी विदेश मन्त्री मार्को रुबियो समेत सहभागी थिए ।

ट्रम्पले उपराष्ट्रपति जेडी भान्स, विदेश मन्त्री रुबियो तथा ज्वाइन्ट चिफ्सका अध्यक्ष जनरल ड्यान केन लाई दुवै देशसँग समन्वय गर्दै दीर्घकालीन शान्ति स्थापना गर्न काम गर्न निर्देशन दिएका छन् । यो युद्धविराम सुरुमा १० दिनका लागि लागू गरिएको भएपनि अमेरिकाले आवश्यक परे यसलाई थप विस्तार गर्न सकिने बताएको छ। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहू का अनुसार यसले लेबनानसँग 'ऐतिहासिक शान्ति सम्झौता' गर्ने अवसर सिर्जना गर्न सक्ने बताएका छन् । इरान समर्थित हेजबोल्लाह ले युद्धविराम पालना गर्ने सहमति जनाएको छ, तर उसले सम्पूर्ण लेबनानी भूभागमा आक्रमण पूर्ण रूपमा रोक्नुपर्ने र इजरायली सेनालाई स्वतन्त्र रूपमा चल्न नदिइनुपर्ने माग राखेको छ ।

***प्रयोगविहीन......*** छ । राज्यको करिब २९ करोड रुपियाँ लगानीमा निर्माण गरिएको यो आयोजना उचित व्यवस्थापनको अभावमा 'बालुवामा पानी' सरह बनेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् । उनीहरूले यो संरचना तत्काल कुनै न कुनै प्रयोजनमा उपयोग गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

## शुभकामना आदान-प्रदान

**दमक/** किरात राई चाम्लिङ खामबातिम दमक नगर समितिको आयोजनामा २०८३ सालको नववर्ष को र २०८३ सालको साकेला उभौली पर्व को उपलक्ष्य मा शुभकामना आदानप्रदान तथा भित्ते पात्र बितरण कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रबार मासिक बचत भेलाको अवसर पारेर गरिएको शुभकामना आदानप्रदानमा नछोङ (सञ्जय मालेकुङछा)ले किरात राईहरूको जन्म तथा मृत्यु संस्कार बारे प्रशिक्षण दिएका थिए ।

किरातीहरूले उभौली र उधौली मान्नु पर्ने र पित्र (मोछ्ामा) गर्नु पर्ने बारेमा जेष्ठ पासुङहरू लाल सुन्दर राई बिराजाछा र भक्त मालेकुङछा साथै कोषाध्यक्ष उमेश चाम्लिङ थाह छा । सह कोषाध्यक्ष कमल मालेकुङछा सदस्य जस बहादुर योङछेनले प्रस्ट्याए थिए ।

कार्यक्रम खामबातिम दमक सचिव रबिन तिराहाछाले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता नगर अध्यक्ष महेन्द्र चाम्लिङ लिपोहुछा र प्रमुख अतिथि नछोङ सञ्जय राईको रहेको थियो

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## "लिम्बूवान गेट" पुनर्निर्माण सुरु

**पाँचथर/** पहिचानको प्रतीकका रूपमा रहेको 'लिम्बूवान गेट' पुनर्निर्माण सुरू भएको छ । मेची राजमार्गको पाँचथरको सदरमुकाम फिदिमको मध्यभागमा लिम्बूवान गेट प्रवेशद्वार निर्माणका लागि आज शिला स्थापना तथा निर्माण सुभारम्भ भएको छ ।

लिम्बूवान गेट तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद् पाँचथरले प्रवेशद्वार पुनर्निर्माण गर्न लागेको हो । रू २५ लाखको लागतमा प्रवेशद्वार निर्माण गर्ने योजना बनाइ सुरूआत गरिएको परिषद्का अध्यक्ष लक्ष्मण लावतीले जानकारी दिए। शिला स्थापना तथा निर्माणकार्यको फिदिम नगरपालिका प्रमुख मित्रप्रसाद काˆ लेसहितका जनप्रतिनिधि, राजनीतिक दलका नेता तथा सुरक्षा निकायका प्रमुखहरूले शिला पूजा गरी सुरूआत गरे । पाँच मिटर उचाइ र १९ मिटर लम्बाइको उक्त प्रवेशद्वारमा यहाँका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाबारे जानकारी दिने प्रतीकहरूसमेत राखिने भएको छ ।

***सार्वजनिक......*** खर्ब ७४ अर्ब ४ करोड रूपैयाँ रहेको सार्वजनिक ऋण अब साढे २९ खर्ब नजिक पुगेको हो । यो ऋणलाई नेपालको जनसंख्या अनुसार प्रतिव्यक्ति भाग लगाउँदा एक नेपालीको भागमा १ लाख ५ सय ९४ सार्वजनिक ऋण पुगेको छ । सार्वजनिक ऋणलाई नेपालको पछिल्लो जनगणना २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ मा भाग लगाउँदा प्रतिव्यक्ति ऋणभार यति देखिएको हो । नेपालको कुल सार्वजनिक ऋणमा वैदेशिक ऋण हिस्सा ५२.६९ प्रतिशत र आन्तरिक ऋण हिस्सा ४७.३१ प्रतिशत छ ।

नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०८३ सालको शुभ अवसरमा चिकित्सक, सेवाग्राही, कर्मचारी एवम् समस्त स्वास्थ्यकर्मी तथा देश विदेशमा रहनु हुने नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
उमाकान्त आचार्य
अध्यक्ष
निम्स नेशनल हस्पिटल परिवार
दमक-९, झापा

## श्री जीवन स्मृति प्रतिष्ठानको सूचना

**यस प्रतिष्ठानको वार्षिक साधारणसभा मिति २०८२ चैत्र २८ गते शनिबारका दिन बोलाइएकोमा आवश्यक गणपूरक संख्याको अभावमा स्थगन गरिएको हुँदा पुनः निम्न मिति, स्थान र समयमा साधारणसभा गर्ने निश्चय गरिएको हुँदा प्रतिष्ठानका सम्पूर्ण सदस्यहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

तपशिल

**आज मिति : २०८३/०१/०५ शनिबार**
**समय :** बिहान ११.०० बजेदेखि
**स्थान :** संस्थाको कार्यालय रहेको, प्राच्यविज्ञान अनुसन्धान संस्थान, ऋतम्भराकुञ्ज, दमक-४ को सभाहल, डिपुचोक

| सचिव | अध्यक्ष |
|---|---|
| **शंकर चापागाई** | **भूमिप्रसाद दाहाल** |
| (धनकुटे कान्छा) | ९८४२६२९२७१ |
| ९८४२६३१६०१ | |

**श्री जीवन स्मृति प्रतिष्ठान**
दमक, झापा

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

आमा डेन्टल केयर प्रा. लि.
दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816
हाम्रा उपलब्ध डाक्टरहरु
१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)
नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०६बस्ने बिमला लिङ्देनको नाममा दर्ता कायम रहेको मधुमल्ला५/ग को कि.नं. ३८४५र ३८४७ज.वि. ०-०-३-० र ०-०-६-२ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियार को नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पश्चिम तर्फ सँधियार हुमा देबि लिम्बू उपस्थिति नहुनु भएको हुदा उहाँ लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०५बस्ने जगत वहादुर चाम्लिङ को नाममा दर्ता कायम रहेको मधुमल्ला५/च मा भएको कि.नं. ३५१० ज.वि. ०-०-१०.७५मा बनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्ब तर्फ सँधियार रुद्र भण्डारी उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएमा सो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सुचना मर्फत जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने सन्तोष भण्डारी को नाममा दर्ता कायम रहेको मधुमल्ला५/झ को कि.नं. ३३८६र ३३९३ज.वि. ०-०-१-३ र ०-०-४-३ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियार को नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतर तर्फ सँधियार जयप्रसाद भट्टराई उपस्थिति नहुनु भएको हुदा उहाँ लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## सम्पदा जोगाऔं, पहिचान बचाऔं...

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

*सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल